कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा

<u>दर्ता नं. ५७/०८३, दर्ता मितिः २०८३।०६।२९</u>

# अख्तियार दुरूपयोग अनुसन्धान आयोग फरेन्सिक इकाई (सञ्चालन) कार्यविधि, २०८३

<u>आयोगबाट स्वीकृत मितिः</u>

२०८३।०६।२६

**<u>प्रस्तावनाः</u>** भ्रष्टाचार वा भ्रष्टाचारबाट प्राप्त सम्पत्ति शुद्धीकरण गरेको कसुरको छानबिन तथा अनुसन्धानको सिलसिलामा सङ्कलन भएको विवादास्पद प्रलेख वा डिजिटल प्रमाण वा शङ्कित व्यक्तिको वैज्ञानिक परीक्षण गरी छानबिन तथा अनुसन्धान कार्यलाई छिटो छरितो, प्रभावकारी, विश्वसनीय, वैज्ञानिक र प्रमाणमुखी बनाउन वाञ्छनीय भएकोले,

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम “अख्तियार दुरूपयोग अनुसन्धान आयोग फरेन्सिक इकाई (सञ्चालन) कार्यविधि, २०८३” रहेको छ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अनुसन्धान अधिकृत” भन्नाले ऐनको दफा २० बमोजिम आयोगबाट नियुक्त वा तोकिएको कुनै पदाधिकारी वा कर्मचारी सम्झनु पर्छ।

(ख) “आयोग” भन्नाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्झनु पर्छ।

(ग) "ईमेज" भन्नाले डिजिटल सबुद प्रमाणलाई डिजिटल फरेन्सिक प्रक्रिया प्रयोग गरी फाइलको रूपमा तयार गरिएको सबुदको डिजिटल प्रतिलिपि सम्झनु पर्छ।

(घ) “ऐन” भन्नाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ सम्झनु पर्छ।

(ङ) “औंठाछाप" भन्नाले मानवऔंलाको टुप्पोमा रहेको प्राकृतिक रेखा वा चिन्हको कुनै सतहमा छापको रूपमा परेको निशान सम्झनु पर्छ।

(च) “कार्यालय” भन्नाले आयोग अन्तर्गतको कार्यालय सम्झनु पर्छ।

(छ) "क्लोन" भन्नाले डिजिटल सबुद प्रमाणलाई डिजिटल फरेन्सिक प्रक्रिया प्रयोग गरी हुबहु बनाइएको सबुदको डिजिटल प्रतिलिपि सम्झनु पर्छ।

(ज) "चेन अफ कस्टडी" भन्नाले विवादास्पद प्रलेख वा डिजिटल प्रमाणको सङ्कलन, बरामद, प्याकेजिङ, ढुवानी, परीक्षण, संरक्षण, अदालतमा प्रमाणको रूपमा पेश गर्ने तथा अन्तिम व्यवस्थापनसम्मको सम्पूर्ण अभिलेखीय श्रृङ्खला र त्यस सम्बन्धी अभिलेख सम्झनु पर्छ।

(झ) "छानबिन अधिकृत" भन्नाले आयोग वा आयोग अन्तर्गतको कार्यालयमा उजुरीको प्रारम्भिक छानबिन गर्ने अधिकृत कर्मचारी सम्झनु पर्छ।

(ञ) "डिजिटल सबुद प्रमाण" भन्नाले भ्रष्टाचार सम्बन्धी कसुरमा प्रयोग भएको कम्प्युटर, मोबाइल, सार्वजनिक रूपमा उपलब्ध ईन्टरनेट, विद्युतीय अभिलेख वा डिजिटल उपकरण सम्झनु पर्छ।

(ट) "फरेन्सिक इकाई" भन्नाले आयोगले दफा ३ बमोजिम स्थापना गरेको फरेन्सिक विवादास्पद प्रलेख इकाई वा डिजिटल फरेन्सिक इकाई वा पोलिग्राफ परीक्षण इकाई सम्झनु पर्छ।

(ठ) "महाशाखा" भन्नाले आयोग अन्तर्गतको महाशाखा सम्झनु पर्छ।

(ड) "राईट ब्लकर" भन्नाले डिजिटल सबुद प्रमाणको सङ्कलन गर्दा, क्लोन गर्दा, ईमेज गर्दा, ह्यास भ्यालु वा ह्यासमान निकाल्दा वा डिजिटल फरेन्सिक प्रक्रियाको माध्यमद्वारा कुनै कार्य गर्दा डिजिटल सबुद प्रमाणमा कुनै फेरबदल हुन नदिनको लागि प्रयोग हुने डिजिटल फरेन्सिक उपकरण सम्झनु पर्छ।

(ढ) "रेडियो फ्रिक्वेन्सी सिग्नल आईसोलेन ब्याग" भन्नाले बाह्य विद्युत अवरोध र विद्युत विकिरणबाट डिजिटल सबुद प्रमाण (मोबाइल र सोसँग सम्बन्धित उपकरण) लाई सुरक्षित गर्न प्रयोग हुने ब्याग वा झोला सम्झनु पर्छ।

(ण) "विवादास्पद प्रलेख" भन्नाले फरेन्सिक विवादास्पद प्रलेख इकाईमा परीक्षणको लागि पठाइने वा प्राप्त हुने हस्तलिखित, हस्ताक्षर, औंठाछाप, टाइप गरिएको, मुद्रित गरिएको वा छापिएको, फोटोकपी गरिएको, सुरक्षा कागजात, राहदानी, नागरिकता, बैङ्किङ्ग कागजात, चेक, करारपत्र, प्रमाणपत्र, सरकारी अभिलेख, छाप, मोहर वा परीक्षण गर्न आवश्यक पर्ने अन्य कुनै पनि विवादास्पद कागजात (कोइसन्ड डकुमेन्ट) सम्झनु पर्छ।

(त) "विशेषज्ञ राय" भन्नाले विवादास्पद प्रलेख वा डिजिटल प्रमाण वा शङ्कित व्यक्तिको प्राविधिक विशेषज्ञद्वारा वैज्ञानिक परीक्षण तथा विश्लेषणका आधारमा तयार पारिएको निष्कर्ष सहितको राय सम्झनु पर्छ।

(थ) “वैज्ञानिक परीक्षण” भन्नाले माइक्रोस्कोप, भिडियो स्पेक्ट्रल कम्पेरेटर (भी.एस.सी.), विशेष प्रकाश स्रोत तथा मान्यता प्राप्त अन्य फरेन्सिक उपकरण र वैज्ञानिक विधिबाट गरिने परीक्षण सम्झनु पर्छ।

(द) "ह्यास भ्यालु वा ह्यासमान" भन्नाले डिजिटल सबुद प्रमाणमा कुनै फेरबदल नहुने गरी डिजिटल फरेन्सिक प्रक्रिया प्रयोग गरी निकालिएको भ्यालु वा मान सम्झनु पर्छ।

३. **<u>फरेन्सिक इकाई रहने</u>:** (१) भ्रष्टाचार सम्बन्धी कसुरको अनुसन्धानको सिलसिलामा सङ्कलन भएको विवादास्पद प्रलेख, डिजिटल प्रमाण वा शङ्कित व्यक्तिको वैज्ञानिक परीक्षण गर्न आयोगको सचिवको सचिवालय अन्तर्गत फरेन्सिक इकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको फरेन्सिक इकाई अन्तर्गत परीक्षण गरिने सबुद प्रमाणको विषयक्षेत्रको आधारमा देहायका इकाईहरू रहनेछन्:-

(क) विवादास्पद प्रलेखको परीक्षण गर्नको लागि फरेन्सिक विवादास्पद प्रलेख इकाई,

(ख) डिजिटल सबुद प्रमाणको परीक्षण गर्नको लागि डिजिटल फरेन्सिक इकाई, र

(ग) शङ्कित व्यक्तिको बयानको विश्वसनीयता परीक्षण गर्न पोलिग्राफ परीक्षण इकाई।

(३) उपदफा (२) बमोजिमका फरेन्सिक इकाईमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी बमोजिमका सम्बन्धित क्षेत्रको अनुभवप्राप्त प्राविधिक कर्मचारी सहित आवश्यक सङ्ख्यामा अन्य कर्मचारी रहनेछन्।

(४) उपदफा (३) बमोजिमका फरेन्सिक इकाईमा नेपाल सरकारबाट दरबन्दी स्वीकृत भई पदपूर्ति नभएसम्म सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवप्राप्त विषयविज्ञ प्राविधिक प्रहरी कर्मचारीलाई ऐनको दफा २६ बमोजिम प्रहरी प्रधान कार्यालयबाट वा अन्य कुनै विषयविज्ञलाई सम्बन्धित निकायबाट माग गरी त्यस्तो इकाईबाट गरिने परीक्षण सम्बन्धी कार्यमा खटाइनेछ।

## परिच्छेद-२

## <u>फरेन्सिक विवादास्पद प्रलेख इकाई सम्बन्धी व्यवस्था</u>

४. **<u>फरेन्सिक विवादास्पद प्रलेख इकाईको काम, कर्तव्य र जिम्मेवारी</u>:** (१) आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण र निर्देशनमा रही दफा ३ को उपदफा (२) बमोजिम स्थापित फरेन्सिक विवादास्पद प्रलेख इकाईको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:-

(क) छानबिन तथा अनुसन्धानको सिलसिलामा प्राप्त विवादास्पद प्रलेख तथा सोसँग सम्बन्धित अन्य सबुद प्रमाणको वैज्ञानिक परीक्षण तथा विश्लेषण गरी राय सहितको प्रतिवेदन तयार गर्ने,

(ख) भिडियो स्पेक्ट्रल कम्पेरेटर (भी.एस.सी.) तथा अन्य फरेन्सिक उपकरणको सञ्चालन, मर्मत सम्भार, क्यालिब्रेसन तथा स्तरोन्नति गर्ने,

(ग) आयोगका कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(घ) अनुसन्धान तथा अभियोजनको लागि आवश्यक विशेषज्ञ राय उपलब्ध गराउने,

(ङ) परीक्षणको लागि प्राप्त विवादास्पद प्रलेखलाई धूलो, चिस्यान, अत्यधिक तापक्रम, प्रत्यक्ष सूर्यको प्रकाश, रासायनिक पदार्थ तथा अन्य भौतिक क्षतिबाट सुरक्षित रहने गरी उपयुक्त वातावरणमा संरक्षण गर्ने, गराउने,

(च) विवादास्पद प्रलेखको चेन अफ कस्टडीको अभिलेख अनुसूची-१ बमोजिमको ढाँचामा राख्ने,

(छ) अनुसूची-२ बमोजिमका उपकरण तथा सामग्रीका साथै नवीनतम प्रविधिको प्रयोग गरी विवादास्पद प्रलेखको परीक्षण गर्ने,

(ज) अनुसन्धान तथा न्यायिक प्रक्रियाको लागि आवश्यकता अनुसार अदालत वा सम्बन्धित निकायमा विशेषज्ञ वा साक्षीको रूपमा प्रस्तुत हुने,

(झ) विवादास्पद प्रलेखको परीक्षण सम्बन्धमा आयोगले तोकेका अन्य कार्य गर्ने।

(२) फरेन्सिक विवादास्पद प्रलेख इकाईमा खटिने प्राविधिक तथा अन्य कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी आयोगले तोकेको कार्यविवरण बमोजिम हुनेछ।

५. **<u>विवादास्पद प्रलेख सङ्कलन गर्ने विधि</u>**: आयोगको छानबिन अधिकृत वा अनुसन्धान अधिकृत वा अन्य कर्मचारी वा फरेन्सिक विवादास्पद प्रलेख इकाईमा कार्यरत कर्मचारीले विवादास्पद प्रलेख सम्बन्धी सबुद प्रमाण सङ्कलन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) विवादास्पद प्रलेखको आवश्यकता अनुसार फोटो तथा भिडियो अभिलेख तयार गर्ने,

(ख) बरामद वा सङ्कलन गरिएको कागजातको प्रकार, शीर्षक, कागजात नम्बर, मिति, जारी गर्ने निकाय, प्राप्त स्थान वा कार्यालय, सम्बन्धित व्यक्ति तथा अन्य आवश्यक विवरण उल्लेख गरी विवरण तयार गर्ने,

(ग) विवादास्पद प्रलेखलाई कुनै प्रकारको चिन्ह, लेखोट, स्टेपल, पिन, मोड्ने वा अन्य भौतिक क्षति पुग्ने कार्य नगरी सुरक्षित रूपमा सङ्कलन गर्ने,

(घ) प्रत्येक प्रलेख वा कागजातलाई छुट्टाछुट्टै लेबलिङ गरी गुणस्तरीय कागजी खाम वा उपयुक्त प्रमाण प्याकेटमा सुरक्षित प्याकेजिङ गर्ने,

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि "लेबलिङ" भन्नाले परीक्षणको लागि पठाइने प्रमाण वा कागजातलाई सही रूपमा पहिचान र वर्गीकरण गर्न आवश्यक विवरण स्पष्ट रूपमा उल्लेख गरी टाँस्ने वा अङ्कित गर्ने कार्य सम्झनु पर्छ।

(ङ) विवादास्पद प्रलेख परीक्षणको क्रममा आवश्यक पर्ने तुलनायोग्य नमुनाको कानूनी प्रक्रिया पूरा गरी सुरक्षित रूपमा सङ्कलन गर्ने,

(च) सङ्कलित विवादास्पद प्रलेखलाई चेन अफ कस्टडी कायम गरी फरेन्सिक विवादास्पद प्रलेख इकाईमा बुझाउने।

६. **<u>विवादास्पद प्रलेख परीक्षणको लागि पठाउनु पर्ने</u>:** (१) भ्रष्टाचार सम्बन्धी कसुरको छानबिन तथा अनुसन्धानको सिलसिलामा सङ्कलन गरिएको विवादास्पद प्रलेखको वैज्ञानिक परीक्षण गर्न आवश्यक देखेमा आयोगको सम्बन्धित कार्यालय वा महाशाखा वा छानबिन अधिकृत वा अनुसन्धान अधिकृतले आवश्यक विवरण तथा चेन अफ कस्टडी अभिलेख राखी फरेन्सिक विवादास्पद प्रलेख इकाईमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवादास्पद प्रलेख अनुसूची-३ बमोजिम चेकलिष्टको आधारमा पठाएको भएमा मात्र फरेन्सिक विवादास्पद प्रलेख इकाईले स्वीकार गर्नु पर्नेछ।

७. **<u>विवादास्पद प्रलेखको परीक्षण तथा विश्लेषण गर्ने विधि</u>:** फरेन्सिक विवादास्पद प्रलेख इकाईले विवादास्पद प्रलेखको परीक्षण तथा विश्लेषण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) परीक्षणको लागि प्राप्त विवादास्पद प्रलेखको चेन अफ कस्टडीको अभिलेख राखी परीक्षण प्रारम्भ गर्ने,

(ख) परीक्षणको क्रममा मूल (सक्कल) प्रतिलाई प्राथमिकता दिई आवश्यकता अनुसार उच्च गुणस्तरको प्रतिलिपि, डिजिटल इमेज तथा फोटोग्राफिक अभिलेख तयार गरी परीक्षण गर्ने,

(ग) आवश्यकता अनुसार भिडियो स्पेक्ट्रल कम्पेरेटर (भी.एस.सी.) लगायत विभिन्न प्रकारका प्रकाश स्रोत तथा अन्य स्वीकृत वैज्ञानिक उपकरण प्रयोग गरी विवादास्पद प्रलेखको सूक्ष्म परीक्षण तथा विश्लेषण गर्ने,

(घ) हस्तलेखन, हस्ताक्षर, औंठाछाप, मसी, कागज, मुद्रण प्रक्रिया, छाप, मोहर, सुरक्षा विशेषता, मेटाइएको, थप गरिएको, परिवर्तन गरिएको, इन्डेन्टेड लेखन तथा अन्य सम्बन्धित पक्षको वैज्ञानिक परीक्षण गर्ने,

(ङ) परीक्षण तथा विश्लेषणबाट प्राप्त तथ्य, वैज्ञानिक आधार तथा तुलनात्मक अध्ययनका आधारमा विशेषज्ञ राय तयार गर्ने।

८. **परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेः** (१) विवादास्पद प्रलेख विशेषज्ञ वा विश्लेषक वा परीक्षकले विवादास्पद प्रलेखको वैज्ञानिक परीक्षण तथा विश्लेषण गरी सोबाट प्राप्त तथ्य, प्रमाण तथा निष्कर्षका आधारमा आफ्नो विशेषज्ञ राय सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) परीक्षण प्रतिवेदनमा देहायका विषय समावेश गरिएको हुनु पर्नेछः-

(क) परीक्षणको लागि प्राप्त कागजातको विवरण,

(ख) परीक्षण गरिएका प्रश्न बमोजिमका समाधानहरू,

(ग) प्रयोग गरिएको वैज्ञानिक विधि तथा उपकरण,

(घ) परीक्षणबाट प्राप्त तथ्य तथा विश्लेषण,

(ङ) विशेषज्ञको निष्कर्ष।

(३) परीक्षण प्रतिवेदनमा सम्बन्धित विशेषज्ञ वा परीक्षक वा विश्लेषकको हस्ताक्षर तथा आवश्यकता अनुसार फरेन्सिक डकुमेन्ट विशेषज्ञबाट प्रमाणीकरण गरेको हुनु पर्नेछ।

(४) फरेन्सिक विवादास्पद प्रलेख इकाईले परीक्षण प्रतिवेदन अनुसूची-४ बमोजिमको ढाँचामा तयार गरी सोको एक प्रति आयोगको सम्बन्धित कार्यालय वा महाशाखा वा छानबिन अधिकृत वा अनुसन्धान अधिकृत वा तोकिएको अधिकारीलाई उपलब्ध गराई अर्को प्रति अभिलेखको रूपमा इकाईमा सुरक्षित राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम परीक्षण प्रतिवेदन उपलब्ध गराउँदा वैज्ञानिक परीक्षणको लागि पठाइएको विवादास्पद प्रलेख वा नमुना समेत सिलबन्दी गरी फिर्ता पठाउनु पर्नेछ।

## परिच्छेद-३

## डिजिटल फरेन्सिक इकाई सम्बन्धी व्यवस्था

९. **डिजिटल फरेन्सिक इकाईको काम, कर्तव्य र जिम्मेवारीः** (१) आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण र निर्देशनमा रही दफा ३ को उपदफा (२) बमोजिम स्थापित डिजिटल फरेन्सिक इकाईको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) डिजिटल सबुद प्रमाणको सङ्कलन, परीक्षण, विश्लेषण र प्रतिवेदन तयार गर्ने.

(ख) परीक्षणको लागि प्राप्त हुन आएको र परीक्षण गरिएको डिजिटल सबुद प्रमाणको संरक्षण तथा अभिलेख राख्ने,

(ग) डिजिटल फरेन्सिक सम्बन्धी उपकरण, हार्डवेयर, सफ्टवेयर मर्मत सम्भार, लाईसेन्सिङ तथा अपग्रेडेशन सम्बन्धी कार्य गर्ने,

(घ) अनुसन्धान तथा न्यायिक प्रक्रियाको लागि आवश्यकता अनुसार अदालत वा सम्बन्धित निकायमा विशेषज्ञ वा साक्षीको रूपमा प्रस्तुत हुने,

(ङ) आयोगमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम वा अनुशिक्षण सञ्चालन गर्ने,

(च) नवीनतम प्रविधिमा आधारित डिजिटल सबुद प्रमाण वा उपकरणको वैज्ञानिक परीक्षण प्रतिवेदन तयार गर्ने,

(छ) डिजिटल सबुद प्रमाणको परीक्षण सम्बन्धमा आयोगले तोकेका अन्य कार्य गर्ने।

(२) डिजिटल फरेन्सिक इकाईमा खटिने कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी आयोगले तोकेको कार्यविवरण बमोजिम हुनेछ।

१०. **डिजिटल सबुद प्रमाण सङ्कलन गर्ने विधिः** (१) आयोगको छानबिन अधिकृत वा अनुसन्धान अधिकृत वा अन्य कर्मचारी वा डिजिटल फरेन्सिक इकाईमा कार्यरत कर्मचारीले डिजिटल सबुद प्रमाण सङ्कलन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) डिजिटल सबुद प्रमाण भएको स्थानको सूक्ष्म निरीक्षण गरी आवश्यकता अनुसार फोटो वा भिडियो सहितको अभिलेख सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम अभिलेख सङ्कलन गर्दा डिजिटल सबुद प्रमाणको किसिम, सिरियल अभिलेख नम्बर, बारकोड, अवस्था (के, कसको, कहाँ, कहिले, किन र कसरी) उल्लेख गरी विवरण वा बरामदी मुचुल्का तयार गर्ने,

(ग) अवस्था र आवश्यकता अनुसार राइट ब्लकर प्रयोग गरी डिजिटल सबुद प्रमाणको लाईव वा अफलाईन फरेन्सिक इमेज वा क्लोन बनाउने र डिजिटल सबुद प्रमाणको विश्वसनीयता कायम राख्न डिजिटल फरेन्सिक प्रक्रिया प्रयोग गरी सम्भव भए ह्यास भ्यालु वा ह्यासमान निकाली सोको अभिलेख समेत विवरण वा बरामदी मुचुल्कामा समावेश गर्ने,

(घ) डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित सम्पूर्ण (डाटा केबल र अन्य सम्बन्धित एक्सेसरिज सहित) उपकरणको लेबलिङ र प्याकेजिङ गर्ने,

(ङ) खण्ड (घ) बमोजिम प्याकेजिङ गर्दा मोबाइल वा यस्तै अन्य उपकरण भए रेडियो फ्रिक्वेन्सी सिग्नल आईसोलेसन ब्यागको प्रयोग गर्ने,

(च) लेबलिङ र प्याकेजिङ गरेपछि त्यसलाई ईलेक्ट्रोम्याग्नेटिक इन्टरफियरेन्सबाट बचाई सुरक्षित तवरले बरामदी मुचुल्का वा विवरण सहित डिजिटल फरेन्सिक इकाईमा पेश गर्ने।

<u>स्पष्टीकरणः</u> यस परिच्छेदको प्रयोजनको लागि "इलेक्ट्रोम्याग्नेटिक इन्टरफियरेन्स" भन्नाले विद्युत चुम्बकीय अवरोध सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम डिजिटल सबुद प्रमाण सङ्कलन गर्दा अनुसूची-५ मा उल्लेख भए बमोजिमका डिजिटल फरेन्सिक हार्डवेयर र सफ्टवेयर प्रयोग गर्न सकिनेछ।

११. **<u>डिजिटल सबुद प्रमाण सङ्कलन गर्नु पर्नेः</u>** (१) डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरणलाई आवश्यकता अनुसार एन्टीस्ट्याटिक ईलेक्ट्रोम्याग्नेटिक इन्टरफियरेन्स ब्याग प्रयोग गरी सुरक्षित ठाउँमा राख्नु पर्नेछ।

(२) डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरणको चेन अफ कस्टडीको अभिलेख राख्नु पर्नेछ। त्यसरी अभिलेख राख्दा डिजिटल सबुद प्रमाण जुन जुन ठाउँमा जो जसको जिम्मामा रहेको छ निजले आफ्नो जिम्मामा रहेको डिजिटल सबुद प्रमाणको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(३) डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरणको चेन अफ कस्टडीको अभिलेख राख्दा डिजिटल सबुद प्रमाणको प्रकार अनुसार अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ बमोजिम अभिलेख राख्नु पर्नेछ।

(४) डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरणको चेन अफ कस्टडी अनुसार फरेन्सिक परीक्षणको लागि डिजिटल फरेन्सिक इकाईमा पठाउँदा अनुसूची-९, अनुसूची-१० र अनुसूची-११ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

(५) छानबिन वा अनुसन्धानको सिलसिलामा प्राप्त हुने स्वर नमुना सङ्कलन सम्बन्धी कार्य गर्दा अनुसूची-१२ बमोजिमको ढाँचामा पत्र तयार गरी डिजिटल फरेन्सिक इकाईमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम फरेन्सिक परीक्षणको लागि डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरण प्राप्त भएमा डिजिटल फरेन्सिक इकाईले सोको भरपाई दिई अभिलेख राख्नु पर्नेछ।

(७) डिजिटल फरेन्सिक इकाईले डिजिटल सबुद प्रमाण वा विद्युतीय उपकरणबाट घटना सम्बन्धी डाटा प्राप्तिको लागि अनुसूची-१३ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्तिको स्वीकृति वा मञ्जुरीनामा गराउनु पर्नेछ।

१२. **<u>डिजिटल सबुद प्रमाण परीक्षणको लागि पठाउनु पर्नेः</u>** (१) छानबिन अधिकृत वा अनुसन्धान अधिकृतले छानबिन वा अनुसन्धानको दायरामा रहेको व्यक्ति वा संस्थाका सम्बन्धमा सार्वजनिक रूपमा इन्टरनेट वा अनलाईनमा उपलब्ध विद्युतीय अभिलेख सङ्कलन गरी परीक्षणको लागि डिजिटल फरेन्सिक इकाईमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा डिजिटल फरेन्सिक इकाईले आयोगमा रहेका मान्यता प्राप्त र अन्तर्राष्ट्रिय डिजिटल फरेन्सिकमा समेत प्रयोग भएका हार्डवेयर, सफ्टवेयर, उपकरण प्रयोग गरेर विद्युतीय विवरण सङ्कलन गरी निष्कर्ष सहितको परीक्षण प्रतिवेदन आयोगको सम्बन्धित कार्यालय, महाशाखा वा छानबिन अधिकृत वा अनुसन्धान अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

१३. **<u>डिजिटल सबुद प्रमाणको परीक्षण र विश्लेषण गर्ने विधिः</u>** डिजिटल फरेन्सिक इकाईले डिजिटल सबुद प्रमाणको परीक्षण तथा विश्लेषण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अवस्था र आवश्यकता अनुसार राईट ब्लकर प्रयोग गरी डिजिटल सबुद प्रमाणको लाईव वा अफलाईन फरेन्सिक ईमेज वा क्लोन बनाउने र डिजिटल सबुद प्रमाणको विश्वसनीयता कायम राख्न डिजिटल फरेन्सिक प्रक्रिया प्रयोग गरी ह्यास भ्यालु वा ह्यासमान निकाल्ने,

(ख) परीक्षण गर्दा डिजिटल सबुद प्रमाणको इमेज वा क्लोन मात्र प्रयोग गर्ने,

(ग) डिजिटल फरेन्सिक प्रक्रियामा आवश्यक उपकरण प्रयोग गरी डिजिटल सबुद प्रमाण इमेज वा क्लोनको सूक्ष्म परीक्षण र विश्लेषण गर्ने,

(घ) परीक्षण र विश्लेषणबाट प्राप्त तथ्यका आधारमा डिजिटल सबुद प्रमाणको मुद्दासँगको सम्बन्धबारे व्याख्या गरी निष्कर्ष सहित राय तयार गर्ने।

१४. **<u>परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेः</u>** (१) भ्रष्टाचार सम्बन्धी कसुरमा प्रयोग भएको कम्प्युटर, मोबाइल, सार्वजनिक रूपमा उपलब्ध इन्टरनेट लगायतका अन्य विद्युतीय अभिलेख तथा अन्य डिजिटल उपकरणको फरेन्सिक विश्लेषणबाट प्राप्त विवरण वा प्रमाण सङ्कलन गरी डिजिटल फरेन्सिक परीक्षकले निष्कर्ष सहितको सारांश प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको सारांश प्रतिवेदनको आधारमा फरेन्सिक परीक्षणको लागि प्राप्त भएको डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरणको वैज्ञानिक तथ्य, विश्लेषण तथा विशेषज्ञ राय सहितको परीक्षण प्रतिवेदन अनुसूची-१४, अनुसूची-१५, अनुसूची-१६ र अनुसूची-१७ बमोजिमको ढाँचामा तयार गरी सोको एक प्रति आयोगको सम्बन्धित कार्यालय वा महाशाखा वा छानबिन अधिकृत वा अनुसन्धान अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरिने प्रतिवेदनको ढाँचालाई विषयवस्तुको आधारमा आवश्यकता अनुसार परिमार्जन गरी प्रयोग गर्न सकिनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "प्रतिवेदन" भन्नाले प्रतिवेदनको विद्युतीय प्रतिलाई समेत जनाउँछ।

(४) उपदफा (२) बमोजिम परीक्षण प्रतिवेदन उपलब्ध गराउँदा वैज्ञानिक परीक्षणको लागि पठाइएको डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरण समेत सिलबन्दी गरी फिर्ता पठाउनु पर्नेछ।

## परिच्छेद-४

## पोलिग्राफ परीक्षण इकाई सम्बन्धी व्यवस्था

१५. **पोलिग्राफ परीक्षण इकाईको काम, कर्तव्य र जिम्मेवारीः** (१) आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण र निर्देशनमा रही दफा ३ को उपदफा (२) बमोजिम स्थापित पोलिग्राफ परीक्षण इकाईको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) नवीनतम प्रविधिमा आधारित भई भ्रष्टाचार सम्बन्धी कसुरको शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको पोलिग्राफ परीक्षण गर्ने,

(ख) खण्ड (क) बमोजिम गरिएको परीक्षण र विश्लेषणबाट प्राप्त तथ्यका आधारमा शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको कसुरमा संलग्नता बारे व्याख्या गरी निष्कर्ष सहित प्रतिवेदन तयार गर्ने,

(ग) परीक्षण गरिएको शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको विवरण र परीक्षण तथ्याङ्क (Recording, Charts, Personal information, result, consent & Release record, result report) प्रत्येक महिना हार्डड्राइभमा अभिलेख गरी सुरक्षित राख्ने,

(घ) पोलिग्राफ परीक्षण सम्बन्धी उपकरण, हार्डवेयर, सफ्टवेयर मर्मत सम्भार, लाइसेन्सिङ तथा अपग्रेडेशन सम्बन्धी कार्य गर्ने,

(ङ) अनुसन्धान तथा न्यायिक प्रक्रियाको लागि आवश्यकता अनुसार अदालत वा सम्बन्धित निकायमा विशेषज्ञ वा साक्षीको रूपमा प्रस्तुत हुने,

(च) आयोगमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम वा अनुशिक्षण सञ्चालन गर्ने,

(छ) शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको पोलिग्राफ परीक्षण सम्बन्धमा आयोगले तोकेका अन्य कार्य गर्ने।

(२) पोलिग्राफ परीक्षण इकाईमा खटिने कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी आयोगले तोकेको कार्यविवरण बमोजिम हुनेछ।

१६. **पोलिग्राफ परीक्षण गर्ने विधिः** (१) छानबिन अधिकृत वा अनुसन्धान अधिकृतले छानबिन वा अनुसन्धानको दायरामा रहेको शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको पोलिग्राफ परीक्षण गर्न आवश्यक देखेमा परीक्षणको लागि पोलिग्राफ परीक्षण इकाईमा सम्बन्धित व्यक्तिसहित लेखी पठाउनु पर्नेछ।

(२) पोलिग्राफ परीक्षण इकाईले उपदफा (१) बमोजिमको शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको पोलिग्राफ परीक्षण गर्दा देहायका विधि अपनाउनु पर्नेछः-

(क) परीक्षण गरिने शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको अनुसूची-१८ बमोजिमको ढाँचामा लिखित स्वीकृति वा सहमति लिनु पर्ने,

(ख) परीक्षण गरिने समय, विधि, प्रश्नहरू, कटस्कोर समेतका विषयहरू तय गरी पोलिग्राफ परीक्षण गर्नु पर्ने,

(ग) पोलिग्राफ परीक्षण गर्ने कर्मचारीले सामान्यतया सादा र भद्र पोशाक लगाउनु पर्ने,

(घ) पोलिग्राफ परीक्षण गर्दा Standardized Polygraph Method को प्रयोग गर्नु पर्ने,

(ङ) सम्बन्धित विज्ञसँग सल्लाह लिनु पर्ने भए सो लिएको हुनु पर्ने।

१७. **<u>परीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्ने</u>:** पोलिग्राफ परीक्षण इकाईले दफा १६ बमोजिम परीक्षण गरी तयार गरेको प्रतिवेदन आयोगको सम्बन्धित कार्यालय, महाशाखा वा छानबिन अधिकृत वा अनुसन्धान अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-५

## विविध

१८. **<u>अन्य फरेन्सिक ल्याबमार्फत् परीक्षण गराउनु पर्ने</u>:** विवादास्पद प्रलेख वा डिजिटल सबुद प्रमाण र सोसँग सम्बन्धित उपकरण वा शङ्कित व्यक्ति, साक्षी वा अन्य व्यक्तिको यस कार्यविधि बमोजिम परीक्षण गर्न नसकिने अवस्था भएमा फरेन्सिक इकाईले अन्य फरेन्सिक ल्याबमार्फत् परीक्षण गरी वा गराई सोको परीक्षण प्रतिवेदन आयोगको सम्बन्धित कार्यालय वा महाशाखा वा छानबिन अधिकृत वा अनुसन्धान अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

१९. **<u>गोपनीयता कायम राख्नु पर्ने</u>:** (१) फरेन्सिक इकाईका विशेषज्ञ, विश्लेषक, परीक्षक, प्राविधिक, सहायक तथा परीक्षण कार्यमा संलग्न प्रत्येक कर्मचारीले परीक्षणका क्रममा प्राप्त जानकारी, परीक्षण नतिजा, प्रतिवेदन तथा सम्बन्धित कागजातको गोपनीयता कायम राख्नु पर्नेछ।

(२) कानून बमोजिम अधिकारप्राप्त निकाय वा अदालतको आदेश भएकोमा बाहेक अन्य अवस्थामा परीक्षण प्रतिवेदन, परीक्षण सम्बन्धी विवरण वा कागजात कुनै तेस्रो पक्षलाई उपलब्ध गराउन पाइने छैन।

२०. **<u>प्रतिवेदन पेश गर्नु पर्ने</u>:** फरेन्सिक इकाईले यस कार्यविधि बमोजिम आफूले गरेको कामको मासिक प्रगति प्रतिवेदन आयोगको सचिव समक्ष पेश गर्नु पर्नेछ।

२१. **<u>आयोगको निर्णय बमोजिम हुने</u>:** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा आयोगको निर्णय बमोजिम हुनेछ।

२२. **<u>खारेजी र बचाउ</u>**: (१) अख्तियार दुरूपयोग अनुसन्धान आयोग डिजिटल फरेन्सिक युनिट (सञ्चालन) कार्यविधि, २०७४ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ४ को उपदफा (१) को खण्ड (च) सँग सम्बन्धित)

**<u>आन्तरिक सबुद प्रमाण जिम्मेवारी हस्तान्तरण अभिलेखको ढाँचा</u>**

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग,**
**.............................. शाखा/इकाई।**

उजुरी/प्रतिवेदन दर्ता नं. र मिति : ......................
पेश गर्ने व्यक्ति/निकायः ..........................................................................................
बुझिलिने कर्मचारीको नाम थर, र पदः ...........................................................................
अभिलेख राख्ने कर्मचारीको नाम थर, र पदः ....................................................................

| क्र.सं. | सबुद प्रमाणको विवरण र अवस्था | कैफियत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

**नोट**ः सबुद प्रमाण बुझिलिने, हस्तान्तरण गर्ने तथा अभिलेख राख्ने क्रममा प्रमाणको अवस्था, सिलबन्दी, प्याकेजिङ तथा लेबलमा कुनै परिवर्तन भए/नभएको स्पष्ट रूपमा अभिलेख राख्नु पर्नेछ।

तयार गर्ने कर्मचारीको,-
नाम, थरः .............................
हस्ताक्षरः .............................
पद/दर्जाः .............................
मितिः .................................

## अनुसूची-२

(दफा ४ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)

**विवादास्पद प्रलेख परीक्षणमा प्रयोग हुने उपकरण तथा सामग्री**

(क) **प्रयोगशाला उपकरणः**

1. भिडियो स्पेक्ट्रल कम्पेरेटर (भी.एस.सी.),
2. म्याग्निफाइङ्ग ग्लास (१०x),
3. Mini AFIS Standalone system with a perpetual license and 5 years of support (औँठाछापको लागि),
4. Double Monitor Computer (Min. 28 inch) (औँठाछापको लागि),
5. Digital Camera (Forensic Grade),
6. कागजात क्याबिनेट,
7. प्रयोगशाला प्रमाण भण्डारण क्याबिनेट,
8. अन्य आवश्यक कुराहरू।

(ख) **परीक्षणका लागि आवश्यक उपकरण तथा सामानहरूः**

१. प्रमाण खाम,
२. प्रमाण भण्डारण फोल्डर,
३. पारदर्शी पोलिस्टर प्रमाण स्लीभ,
४. प्रमाण लेबल,
५. प्रमाण श्रृङ्खला अभिलेख रजिष्टर,
६. नाप्ने स्केल,
७. जाँच पन्जा,
८. फोटोग्राफिक स्केल,
९. प्रयोगशाला कागजात किट,
१०. Forensic Light Source,
११. Photo Printer,
१२. अन्य आवश्यक कुराहरू।

## अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**विवादास्पद प्रलेख स्वीकार गर्दा जाँच गर्नुपर्ने चेकलिष्ट**

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग,**
**............................ शाखा/इकाई।**

| क्र.सं. | परीक्षण/जाँच गर्नु पर्ने विषय | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | प्रयोगशाला परीक्षणको लागि अनुरोध पत्र* | ☐ | ☐ | |
| २. | अनुरोध पत्रमा सम्बन्धित निकायको छाप/मोहरको छाप रहेको | ☐ | ☐ | |
| ३. | सबुद प्रमाण सिलबन्दी गरिएको* | ☐ | ☐ | |
| ४. | उचित प्याकेजिङ/प्याकिङ गरिएको* | ☐ | ☐ | |
| ५. | सबुद प्रमाणको प्याकेज (भित्री/बाहिरी) मा उचित लेबल लगाइएको* | ☐ | ☐ | |
| ६. | तुलनाको लागि आवश्यक नमुना | ☐ | ☐ | |

नोटः "*" चिन्ह लगाइएका विषय केस स्वीकार गर्नको लागि अनिवार्य हुनेछन्।

**जाँच गर्ने अधिकारीको,-**

हस्ताक्षरः ...................................
नाम, थरः .....................................
पद/दर्जाः ..................................
मितिः........................................
अन्य टिप्पणी (भएमा)ः
..................................

**प्रमाणित गर्ने अधिकारीको,-**

हस्ताक्षरः.......................................
नाम, थरः........................................
पद/दर्जाः ......................................
मितिः............................................
प्रयोगशाला केस नं.ः.........................

अनुसूची-४

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

**परीक्षण प्रतिवेदनको ढाँचा**

| **FORENSIC EXAMINATION REPORT** | |
|---|---|
| **Lab. Case/Report No.:**<br><br><br><br>Registration Date:<br><br><br>Report Date: | Submitting Agency:<br>Dispatch No.:<br>Dated:<br>Case No.:-<br>Mode of Receipt:<br>No. of parcel (s) Received:<br>Seal (s): Intact |

**Description of Exhibits**

**QUESTIONED**

| S.N. | Submitting Agency Marking | Lab Marking |
|---|---|---|
| 1 | (संकेत नं. क) | |

**STANDARDS**

| S.N. | Submitting Agency Marking | Lab Marking |
|---|---|---|
| 1 | (संकेत नं. ख) | |

**Methods**

The exhibits of this case have been carefully and thoroughly examined in all aspects of handwriting identification and detection of forgery with the scientific instruments such as lens, VSC9000 . under different lighting conditions.

**Laboratory Examination/Opinion**

1. Opinion 1
2. Opinion 2
3. Opinion 3

...

Note: 1. Results relate only to the exhibits examined.

2. After the examination, the exhibits have been sealed with the seal of this section.

---

Above analysis is done by us. To the best of our knowledge the report is true and correct.

**EXAMINER**
(Name of Examiner1)
Rank
(Qualification)
Training details

**EXAMINER**
(Name of Examiner2)
Rank
(Qualification)
Training details

**TECHNICAL REVIWER**
(Name of Reviewer)
Rank
(Qualification)
Training details

## अनुसूची-५

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**डिजिटल सबुद प्रमाण सङ्कलन गर्दा प्रयोग हुने हार्डवेयर र सफ्टवेयर उपकरण**

**(क) हार्डवेयरः**

१. डिजिटल फरेन्सिक वर्कस्टेशन,
२. पोर्टेबल डिजिटल फरेन्सिक वर्कस्टेशन,
३. फरेन्सिक डुप्लिकेटर (इमेजिङ/क्लोनिङ),
४. राईट ब्लकर किट,
५. डिजिटल फरेन्सिक टूलकिट बक्स,
६. डिस्क वाइपर,
७. स्टोरेज मेडिया,
८. मोबाइल फरेन्सिक टूलकिट,
९. डाटा इन्क्रिप्सन उपकरण,
१०. रेडियो फ्रिक्वेन्सी सिग्नल आईसोलेसन ब्याग (Faraday Bag)।

**(ख) सप्टवेयरः**

१. कम्प्युटर फरेन्सिक एनालेसिस टुल्स,
२. मोबाइल फरेन्सिक एनालेसिस टुल्स,
३. मोबाइल तथा पि.डि.ए. फरेन्सिक एनालेसिस टुल्स,
४. मोबाइल तथा कम्प्युटर फरेन्सिक एनालेसिस टुल्स,
५. सोसल मिडिया फरेन्सिक एनालेसिस टुल्स,
६. पासवर्ड फरेन्सिक एनालेसिस टुल्स,
७. आईफोन रिकभरी टुल्स,
८. VSA- Voice Spectrum Analysis Tools,
९. Crypto currency/Blockchain Analyzer,
१०. AI Forensic Tools,
११. Audio/Video Forensic Tools,
१२. अन्य आवश्यक सफ्टवेयरहरू।

## अनुसूची-६

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## USB Drive, Memory Card, DVD/CD को डिजिटल सबुद प्रमाण श्रृङ्खला (चेन अफ कस्टडी) को अभिलेखको ढाँचा

### Digital Evidence (USB Drive, Memory Card, DVD/CD) Chain of Custody Tracking Form

1. **Case Information**

| | |
|---|---|
| **Case Id** | |
| **Investigation Officer and Office/Section** | |
| **Ref. No. / Date** | |
| **Exhibit Marking** | |

2. **Digital Evidence Details**

| | | | |
|---|---|---|---|
| **Types: (e.g., DVD, CD, Micro SD Card,** | | | |
| **Owner's Name** | | | |
| **Brand/Model:** | | **Color:** | |
| **Serial No.** | **Size (GB):** | | |
| **Encryption Password** | | | |
| **Seal** | **Yes** ☐ | **No** ☐ | |

3. **Chain of Custody**

| S No. | Date/Time | Released by | Sign | Received by | Sign | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची-७

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

**मोबाइलको डिजिटल सबुद प्रमाण श्रृङ्खला (चेन अफ कस्टडी) को अभिलेखको ढाँचा**

## Digital Evidence (MOBILE) Chain of Custody Tracking Form

### 1. Case Information

| | |
|---|---|
| **Case Id** | |
| **Investigation Officer and Office/Section** | |
| **Ref. No. / Date** | |
| **Exhibit Marking** | |

### 2. Digital Evidence Details

| | | | |
|---|---|---|---|
| **Mobile Owner's Name** | | | |
| **Status ON ☐ ☐ OFF** | **Appearance:** (Physical Examination) | | |
| **Type** | **GSM** ☐ | **CDMA** ☐ | **Other:** ☐ |
| **Brand/Model:** | | **Color:** | |
| **Battery** | **Working** ☐ | **Not Working** ☐ | |
| **Camera** | **Present** ☐ | **Absent** ☐ | |
| **IMEI** | **1:** | | |
| | **2:** | | |

| | | | |
|---|---|---|---|
| **Password/Pin/ Patterns** | ○ ○ ○<br>○ ○ ○<br>○ ○ ○ | **Internal App Lock Details** | ○ ○ ○<br>○ ○ ○<br>○ ○ ○ |
| **Memory Card** | **Present** ☐<br>**Absent** ☐ | | **Brand**<br>**Size** |

| | | | | |
|---|---|---|---|---|
| **SIM** | **SIM 1** | | **SIM 2** | |
| | **Service Provider** | | **Service Provider** | |
| | **Number** | | **Number** | |
| **If e-SIM(mention here):** | | | | |
| **Isolation/Faraday Bag** | **Used** ☐ | | **Not Used** ☐ | |
| **Seal** | **Yes** ☐ | | **No** ☐ | |

### 3. Chain of Custody

| S No. | Date/Time | Released by | Sign | Received by | Sign | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## अनुसूची-८

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## <u>कम्प्युटर, ल्यापटप वा हार्डडिस्कको डिजिटल सबुद प्रमाण श्रृङ्खला (चेन अफ कस्टडी) को अभिलेखको ढाँचा</u>

## <u>Digital Evidence (CPU/Laptop/HardDisk) Chain of Custody Tracking Form</u>

### 1. Case Information

| | |
|---|---|
| **Case Id** | |
| **Investigation Officer and Office/Section** | |
| **Ref. No. / Date** | |
| **Exhibit Marking** | |

### 2. Computer/Laptop Details

| | | |
|---|---|---|
| **Owner's Name** | | |
| **Brand/Model:** | | **Color:** |
| **Serial No.** | **No of Hard-Disk:** | |
| **Status(Condition) :** | | |
| **Seal** | **Yes** ☐ | **No** ☐ |

### 3. Hard Disk Details

| | |
|---|---|
| **Make:** | **Model:** |
| **Serial No.** | **Capacity (GB):** |
| **Status(Condition) :** | |
| **Seal** | **Yes** ☐ **No** ☐ |

### 4. Chain of Custody

| S No. | Date/Time | Released by | Sign | Received by | Sign | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**अनुसूची-९**

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

**<u>मोबाइल परीक्षणको लागि पठाउँदा लेखिने पत्रको ढाँचा</u>**

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग**

**....................**

मिति: ...............

**विषयः- <u>परीक्षणको लागि पठाइएको सम्बन्धमा।</u>**

**श्री डिजिटल फरेन्सिक इकाई,**
**अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।**

उपरोक्त विषयमा यस आयोगमा दर्ता भएको उजुरी दर्ता नं. ......, मिति .................. गतेको उजुरी ................. (उजुरीको संक्षिप्त व्यहोरा) का सम्बन्धमा ............... खानतलासी/ बरामदी/उजुरी/निवेदन साथ प्राप्त हुन आएका देहाय बमोजिमका सबुद प्रमाण ........................... मा राखी सुरक्षित साथ Packaging गरी यसै पत्रसाथ पठाइएको छ। सो प्राप्त भए पश्चात् परीक्षण गरी प्राप्त हुने सम्पूर्ण विद्युतीय विवरण (जस्तै- Message, Contacts, Texts, Photo, Audio, video, WhatsApp Chat, Messenger Chat, Viber Chat) लगायतका अनुसन्धानमा प्रमाण लाग्ने सम्पूर्ण विवरण उपलब्ध गराईदिन हुन अनुरोध गरिएको छ। साथै, परीक्षण पश्चात् संलग्न सबुद प्रमाण वा उपकरण फिर्ता पठाई दिनुहुन समेत अनुरोध छ।

**<u>देहायः-</u>**

**<u>सबुद प्रमाणको विवरण</u>**

१. खानतलासी/बरामदी/उजुरी/निवेदन साथ वा ......................... का .......................... पदका ......................... को साथबाट बरामद गरिएको ..................................... ...................................................।

२. .................................................................................................।

३. .................................................................................................।

४. ...................................................................................................।

५. ...................................................................................................।
६. ...................................................................................................।

७. ...................................................................................................।

.............................................
(छानबिन/अनुसन्धान अधिकृत)

**बोधार्थः-**

.............................। (सबुद प्रमाण साथमा लिइजाने कर्मचारीको नाम, थर र पद)

नोटः- खुलाउनु पर्ने विवरणमा खानतलासी/बरामदी/उजुरी/निवेदन साथ प्राप्त प्रत्येक डिजिटल सबुद प्रमाण वा उपकरणको ब्रान्ड वा कम्पनी, मोडेल, कलर, सिरियल/आईएमईआई/सिम नम्बर, सबुद प्रमाणको अवस्था समेतका विवरण खुलाउनु पर्नेछ।

## अनुसूची-१०

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

**<u>CD/ DVD/ Pendrive को ह्यास भ्यालु परीक्षणको लागि पठाउँदा लेखिने पत्रको ढाँचा</u>**

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग**

**....................**

मिति:

**विषयः- <u>सबुद प्रमाण परीक्षणको लागि पठाइएको सम्बन्धमा।</u>**

**श्री डिजिटल फरेन्सिक इकाई,**
**अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।**

उपरोक्त विषयमा यस आयोगमा दर्ता भएको उजुरी दर्ता नं. ......, मिति .................. गतेको उजुरी ................. (उजुरीको संक्षिप्त व्यहोरा) का सम्बन्धमा ............... खानतलासी बरामदी/उजुरी/ निवेदन साथ प्राप्त CD/DVD/Pendrive जम्मा थान-.......... लाई यस महाशाखामा कार्यरत .......................................... लाई जिम्मा लगाई तहाँ इकाईमा पठाइएको छ। सो प्राप्त भए पश्चात् परीक्षण गरी उक्त विद्युतीय उपकरणमा भएका देहाय बमोजिमका फाइल के कुन मितिमा रेकर्ड गरिएको हो? र उक्त फाइलको ह्यास भ्यालु (MD5/SHA256) समेत खुलाई परीक्षण प्रतिवेदन उपलब्ध गराईदिनहुन अनुरोध गरिएको छ।

साथै, पत्रमा उल्लिखित सबुद प्रमाण सुरक्षित साथ प्याकिङ गरी पठाइएको व्यहोरा अनुरोध गरिएको छ।

**<u>देहायः-</u>**

**<u>सबुद प्रमाणको विवरण</u>**

१. खानतलासी/बरामदी/उजुरी/निवेदन साथ वा ......................... का .......................... पदका ......................... को साथबाट बरामद गरिएको परिचयात्मक चिन्ह (A) दिएको .............. (CD/DVD/PenDrive/Etc..........) उपकरणभित्र रहेका देहाय बमोजिमका फाइलः-
   (क) ..................................
   (ख) ..................................
   (ग) ..................................

.......................................
(छानबिन/अनुसन्धान अधिकृत)

**<u>बोधार्थः-</u>**

................। (सबुद प्रमाण साथमा लिइजाने कर्मचारीको नाम, थर र पद)

**अनुसूची-११**

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

**CD/ DVD/ Pendrive को Data Integrity परीक्षणको लागि पठाउँदा लेखिने पत्रको ढाँचा**

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग**

**....................**

मितिः

**विषयः- परीक्षण गरी Data Integrity विवरण उपलब्ध गराईदिने सम्बन्धमा।**

**श्री डिजिटल फरेन्सिक इकाई,**
**अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।**

उपरोक्त विषयमा यस आयोगमा दर्ता भएको उजुरी दर्ता नं. ......, मिति .................. गतेको उजुरी ................. (उजुरीको संक्षिप्त व्यहोरा) का सम्बन्धमा ............... खानतलासी/ बरामदी/उजुरी/निवेदन साथ प्राप्त CD/DVD/Pendrive जम्मा थान- ...... (.............) तहाँ डिजिटल फरेन्सिक इकाईको केश दर्ता नं. (...........) परीक्षण गरी उक्त विद्युतीय उपकरणमा भएका फाइलको ह्यास भ्यालु (MD5/SHA256) समेत तहाँ इकाईको चलानी नं. ......., मिति................., गतेको पत्रसाथ प्रतिवेदन प्राप्त भएको थियो। तत्पश्चात उक्त विद्युतीय उपकरण CD/DVD/Pendrive अनुसन्धानको सिलसिलामा वैज्ञानिक परीक्षण तथा विश्लेषणका लागि पठाई परीक्षण कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भई अदालतमा पेश गर्नुपर्ने भएकाले तहाँ इकाईमा प्रारम्भमा निकालिएको ह्यास भ्यालु तथा हाल सम्बन्धित Device मा रहेका देहाय बमोजिमका फाइलको Data Integrity विवरण प्राविधिक परीक्षण गरी प्रतिवेदन उपलब्ध गराईदिन हुन अनुरोध छ।

साथै, पत्रमा उल्लिखित सबुद प्रमाण सुरक्षित साथ प्याकिङ गरी पठाइएको व्यहोरा अनुरोध गरिएको छ।

**देहायः-**

**सबुद प्रमाणको विवरण**

१. खानतलासी/बरामदी/उजुरी/निवेदन साथ वा ......................... का .......................... पदका ......................... को साथबाट बरामद गरिएको परिचयात्मक चिन्ह (A) दिएको

………………… (CD/DVD/PenDrive/Etc..........) उपकरणभित्र रहेका देहाय बमोजिमका फाइलः-

(क) ...............................

(ख) ...............................

(ग) ...............................

......................................

(छानबिन/अनुसन्धान अधिकृत)

**<u>बोधार्थः-</u>**

……………………….। (सबुद प्रमाण साथमा लिइजाने कर्मचारीको नाम, थर र पद)

## अनुसूची-१२

(दफा ११ को उपदफा (५) सँग सम्बन्धित)

**स्वर परीक्षणको लागि पठाउँदा लेखिने पत्रको ढाँचा**

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग**

**....................**

मिति:

**विषय :- स्वर नमुना सङ्कलन गरी ह्यास भ्यालु समेत खुलाई पठाईदिने सम्बन्धमा।**

**श्री डिजिटल फरेन्सिक इकाई,**
**अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।**

उपरोक्त विषयमा यस आयोगमा दर्ता भएको उजुरी दर्ता नं.........., मिति .................. गतेको उजुरीको अनुसन्धानको सिलसिलामा ............ जिल्ला ..................... पालिका वडा नं. ............ टोल स्थायी ठेगाना भई हाल ............ जिल्ला ..................... पालिका वडा नं. ....... टोल बस्ने ........... को नाति/नातिनी ............ को छोरा/छोरी वर्ष ....... नाम ............. को स्वर नमुना सङ्कलनको लागि तहाँ शाखामा मञ्जुरीनामा सहित पठाइएको छ। सो प्राप्त भएपश्चात् निज व्यक्तिको स्वर नमुना सङ्कलन गरी उक्त File को ह्यास भ्यालु (MD5/ SHA256) समेत उपलब्ध गराई दिनुहुन अनुरोध गरिएको छ।

.......................................
(छानबिन/अनुसन्धान अधिकृत)

**बोधार्थः-**

............................। (उल्लिखित व्यक्तिलाई सुरक्षित साथ लगी स्वर नमुना सङ्कलन गराई फिर्ता ल्याउनुहुन।)

# अनुसूची-१३

(दफा ११ को उपदफा (७) सँग सम्बन्धित)

## विद्युतीय उपकरणमा रहेका डाटा निकाल्ने वा परीक्षण गर्ने स्वीकृति/मञ्जुरीनामाको ढाँचा

........... जिल्ला .................... पालिका वडा नं. .......... बस्ने .......... को नाति/नातिनी .......... को छोरा/छोरी वर्ष ......... को .......... (नागरिकता नं. ..........) ले तल उल्लेख गरिएको कुरालाई राम्ररी बुझी मुद्दाको अनुसन्धानको क्रममा मेरो वा मैले प्रयोग गरेको विद्युतीय उपकरणमा रहेका घटनासँग सम्बन्धित डाटा निकाल्न र परीक्षण गर्नका लागि देहायका कुरामा सहमति जनाई यो मञ्जुरीनामा गरिदिएको छुः-

1. मैले मेरो देहाय बमोजिमका विद्युतीय उपकरणमा रहेका घटनासँग सम्बन्धित डाटाहरू निकाल्नका लागि पूर्ण सहमति दिएको छु। यो परीक्षण गर्नुपूर्व कानून व्यवसायीसँग परामर्श गर्न पाउने मेरो अधिकार भएको कुराको मलाई जानकारी छ। तदनुरूप मैले परामर्श लिएको छु र लिन स्वतन्त्र थिएँ वा आवश्यक नठानेकोले परामर्श लिएको छैन।
2. पुनः विद्युतीय उपकरणमा रहेका घटना सम्बन्धित डाटाहरू निकाल्नु परेमा छुट्टै मञ्जुरीनामा दिनेछु।
3. म पूर्ण सचेत छु र सम्बन्धित प्राविधिकले मेरो उपस्थिति र पूर्ण सहमतिमा आफ्नो विद्युतीय उपकरणमा रहेका घटना सम्बन्धित डाटाहरू निकाली, पेपरमा प्रिन्ट गर्न मञ्जुरी दिएको छु।
4. म कुनै सार्वजनिक अधिकारीको धम्की वा आश्वासनको आधारमा यो परीक्षणको लागि सहमत भएको होइन भनी यो विद्युतीय उपकरणमा रहेका डाटाहरू निकाल्न र परीक्षण गर्न स्वीकृति/मञ्जुरीनामा कागजमा सहीछाप गरिदिएको छु।

<u>विद्युतीय उपकरणको विवरणः-</u>

LockCode .......... भएको IMEI1- .......... , IMEI2- .......... भएको .......... कम्पनीको ................ मोडेलको .......... रङको ...................... अवस्थामा रहेको मोबाइल वा ...... थान-.........., उक्त मोबाइल वा ....... मा प्रयोग भएको मोबाइल नम्बर .......... .......... को सिमकार्ड थान/E-SIM .......... ।

<u>विद्युतीय उपकरण दिने व्यक्ति/निवेदकको,-</u>

नाम थरः ..........

हस्ताक्षरः

मितिः ..........

<u>डाटा सङ्कलनकर्ता,-</u>

नाम थरः ..........

पदः .............

हस्ताक्षरः

मितिः ..........

<u>रोहवर</u>

नाम थर : ..........

हस्ताक्षरः

मितिः ..........

**<u>औंठाछाप</u>**

| **दायाँ** | **बायाँ** |
| --- | --- |
| | |

नोटः- खुलाउनु पर्ने विवरणमा खानतलासी/बरामदी/उजुरी/निवेदन साथ प्राप्त प्रत्येक डिजिटल सबुद प्रमाण वा उपकरणको ब्रान्ड वा कम्पनी, मोडेल, कलर, सिरियल/आईएमईआई/सिम नम्बर, सबुद प्रमाणको अवस्था समेतका विवरण खुलाउनु पर्नेछ।

## अनुसूची-१४

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## ह्यास भ्यालु परीक्षण प्रतिवेदनको ढाँचा

**(Digital Forensic Unit)**

**Forensic Examination Report**

**DFU Number:** **Exhibit ID: -** **Reported BS:**

**Fiscal Year:** **Date AD:**

**Requesting Agency:**

**Requester's Ref. Number:**

| Summary of Exhibit | | | |
|---|---|---|---|
| **DFU Registration Date** | | **Exhibit Packing** | |
| **Evidence Type** | | **Number of File** | |
| **Software Used** | | | |

**Expert Opinion**

The Hash Value of the file Contained in **Exhibit " "** ( ) is as follows:

| SN | File Name | Hash Value |
|---|---|---|
| 1. | | |

……………………………..
**Examined By**
Name of Examiner 1
Rank
Digital Forensic Unit, CIAA

……………………………..
**Examined By**
Name of Examiner 2
Rank
Digital Forensic Unit, CIAA

……………………..
**Technical Reviewer**
Name of Technical Reviewer
Rank
Digital Forensic Unit, CIAA

## अनुसूची-१५

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## मोबाइल परीक्षण प्रतिवेदनको ढाँचा

**(Digital Forensics Unit)**

**Forensic Examination Report**

| | | |
|---|---|---|
| **DFU Number:** | **Exhibit** | **Reported** BS: |
| **Fiscal Year:** | **ID:** | **Date:** AD: |

**Requesting Agency:**

**Requester's Ref. Number:**

| **Summary of Exhibit** | | | |
|---|---|---|---|
| **Lab Registration Date** | | **Exhibit Packing** | |
| **Evidence Type** | | **Number of Physical SIM** | |
| **Device Status** | | **Number of Memory Card** | |
| **Battery Status** | | **Lock Status** | |
| **Device Information** | | | |
| **Make** | | | |
| **Model** | | | |
| **Color** | | | |
| **IMEI 1** | | | |
| **IMEI 2** | | | |
| **Storage Capacity** | | | |
| **Time Zone** | | | |
| **Locked/Unlocked** | | | |
| **System (OS)** | | | |

| **SIM Information** | | |
|---|---|---|
| | **SIM 1** | **SIM 2** |
| **Service Provider** | | |
| **IMSI** | | |
| **ICCID** | | |
| **MSISDN** | | |
| **Number of E-SIM** | | |

| **Memory Card Information** | | | |
|---|---|---|---|
| **Make** | - | **Model** | |
| **Serial Number** | | **Capacity** | - |
| **Information of Data Acquisition and Analysis** | | | |
| **Mobile Phone** | **Forensic Software Used** | | **Method of** |
| | | | |
| **Report** | | | |
| **Report Format** | | | |

**Expert Opinion**

Exhibits:-
Note:-

……………………………..
**Examined By**
Name of Examiner 1
Rank
Digital Forensic Unit, CIAA

……………………………..
**Examined By**
Name of Examiner 2
Rank
Digital Forensic Unit, CIAA

**Technical Reviewer**
Name of Technical Reviewer
Rank
Digital Forensic Unit, CIAA

अनुसूची-१६

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

**Date Integrity को परीक्षण प्रतिवेदनको ढाँचा**

**(Digital Forensic Unit)**

**Forensic Examination Report**

**DFU Number:** **Exhibit ID:** **Reported BS:**
**Fiscal Year:** **Date AD:**
**Requesting Agency:**

**Requester's Ref. Number:**

| Summary of Exhibit | | | |
|---|---|---|---|
| DFU Registration Date | | Exhibit Packing | |
| Evidence Type | | Number of Files | |
| Software Used | | | |

| **Expert Opinion** |
|---|

| SN | File Name | Hash Value | Modified Date |
|---|---|---|---|
| 1. | | | |

……………………………..
**Examined By**
Name of Examiner 1
Rank
Digital Forensic Unit, CIAA

……………………………..
**Examined By**
Name of Examiner 2
Rank
Digital Forensic Unit, CIAA

**Technical Reviewer**
Name of Technical Reviewer
Rank
Digital Forensic Unit, CIAA

## अनुसूची-१७

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## <u>कम्प्युटर परीक्षण प्रतिवेदनको ढाँचा</u>

**(Digital Forensic Unit)**

**<u>Computer Forensic Examination Report</u>**

**DFU Number:** **Exhibit ID:** **Reported BS:**
**Fiscal Year:** **Date AD:**
**Requesting Agency:**
**Requester's Ref. Number:**

| Summary of Exhibit | | | |
|---|---|---|---|
| DFU Registration Date | | Exhibit Packing | |
| Evidence Type | | Device Status | |
| Capacity | | Operating System | |
| Write Blocker Used | | | |

| Information of Data Acquisition and Analysis | | |
|---|---|---|
| Evidence | Software | Method |
| | | |

| Examination Findings | | | |
|---|---|---|---|
| | | | |

| Report Format |
|---|
| |

| Expert Opinion |
|---|
| |

……………………………..

**<u>Examined By</u>**
Name of Examiner 1
Rank
Digital Forensic Unit, CIAA

……………………………..

**<u>Examined By</u>**
Name of Examiner 2
Rank
Digital Forensic Unit, CIAA

**<u>Technical Reviewer</u>**
Name of Technical Reviewer
Rank
Digital Forensic Unit, CIAA

## अनुसूची–१८

(दफा १६ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

## <u>पोलिग्राफ परीक्षण गर्ने स्वीकृति फारामको ढाँचा</u>

म ........................................ को नाति ....................................... को छोरा/छोरी/पत्नी .................................................................. ठेगाना भएको ............................................... ...................... (ना.प्र.नं. ........) ले तल उल्लेख गरिएको कुरालाई राम्ररी बुझेको छु र .................................................... अनुसन्धानको क्रममा मेरो पोलिग्राफ परीक्षण गर्न मञ्जुर भई स्वीकृति दिएको छु।

<u>निम्नलिखित कुरालाई मैले राम्ररी बुझेको छुः-</u>

१. पोलिग्राफ परीक्षण केवल शरीरमा हुने जैविक प्रतिकृयालाई अभिलिखित गर्ने प्रणाली हो र यसको प्रयोग गर्दा शरीरमा त्यस्ता जैविक प्रतिकृया बुझ्ने सेन्सरहरूको मात्र प्रयोग हुन्छ र कुनै प्रकारको औषधि आदिको प्रयोग मेरो शरीरमा गरिने होइन। यसको कुनै हानिकारक शारीरिक असर हुँदैन भन्ने कुरा मैले बुझेको छु।

२. मैले मेरो परीक्षण गर्नका लागि पूर्ण सहमति दिएको छु। यो परीक्षण गर्नुपूर्व कानून व्यवसायीसँग परामर्श गर्न पाउने मेरो अधिकार भएको कुराको मलाई जानकारी छ। तदनुरूप मैले परामर्श लिएको छु र लिन स्वतन्त्र थिएँ वा आवश्यक नठानेकोले परामर्श लिएको छैन।

३. मैले यो सहमति दिएको मितिले सात दिनभित्र एक वा एकभन्दा बढी बैठकमा मेरो पोलिग्राफ परीक्षण भइसक्नु पर्नेछ। तत्पश्चात् यो सहमति स्वतः निष्क्रिय हुनेछ।

४. परीक्षणको क्रममा मेरो शरीरमा आवश्यक सेन्सरको प्रयोग गर्न सहमति दिएको छु। साथै अडियो तथा भिडियो रेकर्डिङ्ग गर्नमा र त्यसको अनुसन्धानमा प्रयोग गर्न समेत मेरो पूर्ण सहमति छ।

५. म पोलिग्राफ परीक्षणका लागि शारीरिक वा मानसिक रूपमा पूर्ण स्वस्थ छु। म पूर्ण सचेत छु र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा यो सहमतिपत्रमा हस्ताक्षर गरेको छु।

६. म कुनै सार्वजनिक अधिकारीको धम्की वा आश्वासनको आधारमा यो परीक्षणको लागि सहमत भएको होइन।

<u>**स्वीकृति प्रदान गर्ने व्यक्तिको,-**</u>

नाम थर ................................

दर्जाः ..........................

हस्ताक्षर ..........................

मिति ...............................

<u>**पोलिग्राफ परीक्षकको,-**</u>

नाम थर .............................

दर्जाः .............................

हस्ताक्षर ........................

मिति .............................

<u>**साक्षी (आवश्यक भएमा मात्र):**</u>

नाम थर ..................................

हस्ताक्षर .............................

मिति ..................................